# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको
# नवौं वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

१. बैधानिक सभा:

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७५ असोज ०४ गते बसेको १४२ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको नवौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम नवौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

२. सभाको मिति, स्थान र समय:

मिति: २०७५ आश्विन २७ गते शनिबार (तदनुसार अक्टोबर १३, २०१८)
स्थान: अनुपम फुडल्याण्ड एण्ड व्याङ्केट, वत्तीसपुतली, काठ्माण्डौ ।
समय: विहान ९:०० बजे प्रारम्भ भई ११:०० बजे सम्पन्न ।

३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार नवौं वार्षिक साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७५/०६/०५ गतेको कारोबार राष्ट्रिय दैनिक र २०७५/०६/१२ गतेको राष्ट्रिय आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएको थियो । सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाउने व्यवस्था गरिएको थियो । साथै, लघु वित्त वित्तीय संस्थाको *website: www.fmdb.com.np* बाट पनि सूचना सहितको वार्षिक प्रतिवेदन उपलब्ध हुन सक्ने गरी राखिएको थियो ।

४. उपस्थिति :

(क) सञ्चालकको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्रराज रेग्मी (प्रतिनिधि: ग्लोवल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री उमेश कटुवाल | सञ्चालक |
| ३. श्री युवराज क्षेत्री | सञ्चालक |
| ४. श्री वामदेव गौली | सञ्चालक |
| ५. श्री प्रेमसागर नापित (प्रतिनिधि: गोर्खाज फाइनान्स लिमिटेड) | सञ्चालक |
| ६. श्री रीता दीक्षित (अर्याल) | स्वतन्त्र सञ्चालक |



First Microfinance

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

| | |
|---|---|
| १. सि.ए, अरुण राउत | प्रतिनिधि, लेखापरिक्षक श्री एस्.आर.पाण्डे एण्ड कम्पनी |
| २. श्री जमुना सिटौला | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ३. श्री सोनम दावा शेर्पा | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |

**व्यवस्थापनका पदाधिकारी**

| | |
|---|---|
| १. श्री भेषराज पन्थी | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दानराज पन्त | कम्पनी सचिव/का.मु.नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री वाबुराम न्यौपाने | वरिष्ठ प्रवन्धक |
| ४.श्री विजय शर्मा | सहायक प्रवन्धक |
| ५. श्री ज्ञानेन्द्र वाग्ले | सहायक प्रवन्धक |

(ग) शेयरधनीको उपस्थिति:

स्वयम उपस्थिति - १९४ जना ।
प्रतिनिधि मार्फत् - १४ जना ।
**उपस्थिति प्रतिशत - ५७.८४**

५ सभामा प्रस्तुत छलफलको विषयहरु:

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS) वमोजिम तयार गरिएको बार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको १२.६३१६ प्रतिशत नगद लाभांश पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) संस्थापक शेयरधनी (समुह 'क') को तर्फवाट ३ जना संचालकहरुको निर्वाचन गर्ने ।

ख) विशेष प्रस्ताव

६) लघु वित्त वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली दफा २ को कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाको वडा नं परिवर्तन सम्बन्धी प्रस्ताव पास गर्ने तथा तत् सम्बन्धी प्रवन्धपत्र तथा नियमावली संशोधनमा नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्टार्ड कार्यालयबाट हुने फेरबदलको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रधानमन्त्री राहत कोषमा प्रदान गरिएको आर्थिक सहयोगको अनुमोदन गर्ने ।

ग) विविध

८) स्वतन्त्र संचालकको नियुक्तिको जानकारी सम्बन्धमा ।

६. सभाको बैधानिकता र सभाको अध्यक्षता:

६.१ कम्पनी ऐन, २०६३ तथा लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २०८ भएको र कुल ६८,४३,९३८ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५७.८४ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघु वित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहान ९:०० बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा सुरु भयो ।

७. वार्षिक साधारण सभाको प्रस्तुती :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व नवौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।



First Microfinance

७.२ प्रमुख कार्यकारी अधिकृतज्यूले नवौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट स्वागत एवं प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिवद्धता व्यक्त गर्नुभयो ।

७.३ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७४।७५ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

सभामा शेयरधनी महानुभावहरुबाट लघु वित्त वित्तीय संस्थाको बार्षिक प्रतिवेदन, लेखा विवरण आदिमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री उद्धवप्रसाद घिमिरेज्यूले यस लघु वित्त वित्तीय संस्थाको नवौं बार्षिक साधारण सभामा पेश गरिएको वासलात अत्यन्त पारदर्शी रहेको र संस्थाले नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) अनुसार प्रतिवेदन तयार गरी समयमानै साधारण सभा सम्पन्न गर्न सकेकोमा वाह्य लेखापरिक्षक तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । यस लघु वित्त वित्तीय संस्थामा सक्रिय संचालक समिति र गतिशिल व्यवस्थापन रहेकाले लगानीकर्ताको भविष्य उज्वल रहेको बताउनु भयो । संस्थाको जगेडाकोष केही कमजोर भएता पनि कुल सम्पत्तीमा वृद्धि राम्रो रहेको सन्दर्भमा नगद लाभांश १२.६३१६ प्रतिशत स्वागतयोग्य रहेको र नगद लाभांश दशैं भन्दा अगाडि नै शेयरधनीको खातामा जम्मा गर्ने व्यवस्था मिलाउन सुझाव दिनु भयो । लघु वित्त वित्तीय संस्थाले आफ्नै कर्पोरेट कार्यालयको लागि जग्गाको व्यवस्था गर्न, लघु वित्तीय सेवालाई ४६ जिल्लाबाट बाँकि जिल्लामा विस्तार गर्न र सेवालाई विद्युतीय प्रणालिमा लैजानु पर्ने सुझाव दिनु भयो । अन्त्यमा, आगामी वर्षको लाभांश २० प्रतिशत पुग्नेमा आशाबादी रहेको बताउनु भयो ।

८.२ शेयरधनी श्री डमरुवल्लभ घिमिरेज्यूले वडा दशैको संघारमा साधारण सभा बोलाएर शेयरधनीहरु बीच विजयदशमीको शुभकामना आदान प्रदान गर्ने मौका दिएकोमा धन्यवाद दिदै लघु वित्त वित्तीय संस्थाले वित्तीय विबरणलाई नेपाल वित्तीय विबरण प्रतिवेदन मान NFRS बमोजिम पनि प्रकाशन गरेकोमा अत्यन्त राम्रो भएको भनि प्रसंशा गर्नु भयो । साथै, NFRS प्रतिवेदनलाई नेपाली भाषामा तयार गर्न सके लगानीकर्तालाई बुझ्न सजिलो हुने धारणा राख्नु भयो । स्वीकृत नगद लाभांशलाई छिटो शेयरधनीको खातामा पठाउन र आगामी बर्षको लाभांश वितरण गर्दा नगद तथा बोनश शेयरको अंश आधा आधा गर्न सुझाव दिनु भयो ।

८.३ शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठज्यूले यस लघु वित्त वित्तीय संस्था यस वर्ष वार्षिक साधारण सभा गर्न दोस्रो भएको र आगामी बर्षहरुमा फर्स्ट माइक्रोफाइनान्स प्रथम बन्नु पर्नेमा ध्यानाकर्षण गराउनु भयो । संस्थाको यस आर्थिक वर्षको मुनाफा तथा कर्जाको वृद्धी क्रमश: २७ प्रतिशत र २१ प्रतिशत रहेको, निष्कृय कर्जा विगतका वर्षहरुदेखि नै शून्य रहनु सकरात्मक पक्ष रहेको र यसबाट व्यवस्थापनको इमान्दारीता तथा प्रतिवद्धता झल्किने बताउनु भयो । नेपाल राष्ट्र बैंकले बार्षिक साधारण सभाको स्वीकृत दिने सन्दर्भमा लेखापरिक्षण समितिको बैठक ३ महिनामा एकपटक वस्न सुझाव दिएकोमा ध्यानाकर्षण गराउदै परिपालना गर्न सुझाव दिनु भयो ।

८.४शेयरधनीका प्रतिनिधि श्री शिव प्रसाद पौडेलज्यूले समयमा नै वार्षिक साधारण सभा गरी वितरण गर्न लागेको नगद लाभांश १२.६३१६ प्रतिशत स्वागतयोग्य रहेको, वासलात राम्रो तथा बलियो रहनु, शून्य प्रतिशत निष्कृय कर्जा कायम गर्न सक्नु सकरात्मक पक्ष रहेको बताउनु भयो । वार्षिक साधारण सभा गर्नेमा पहिलो हुन ध्यानाकर्षण गराउदै आगामी आर्थिक वर्षमा नगद तथा बोनश लाभांशको अनुपात मिलाउनु पर्ने र लगानीकर्ताको सम्पत्तीलाई सन्तुलन राख्नको लागि धितोपत्र बजारलाई ख्याल गर्न सुझाव दिनु भयो । अघिल्लो वर्षको साधारण सभाको सुझावलाई ध्यानमा राखी सामाजिक उत्तर दायित्व अन्तर्गत एसइइ परिक्षा उर्तीण गरी दश जोड दुई पढ्नका लागि छात्रवृतिको व्यवस्था गरेकोमा धन्यबाद दिनु भयो । सामाजिक उत्तर दायित्वको खर्चलाई व्यवस्थित गर्न नीति बनाएर लागुगर्न सके पारदर्शी हुने धारणा व्यक्त गर्नुभयो ।

८.५शेयरधनी श्री दिवाकर खड्काज्यूले लघु वित्त वित्तीय संस्थाको नाफाको बृद्धीमा अघिल्लो आर्थिक वर्षको तुलनामा खासै फरक नभएको र आगामी आर्थिक वर्षमा पूँजीवृद्धीको योजना के रहने भनेर जिज्ञासा राख्नुका साथै संस्थाको प्रगतिको लागि शुभकामना व्यक्त गर्नु भयो ।

९. <u>सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :</u>

साधारण सभामा सहभागी शेयरधनीहरुहरुबाट मन्तव्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुवाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो । वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०. <u>सभाको निर्णय:</u>

(क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट नवौं वार्षिक साधारण सभामा प्रस्तुत भएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विबरण प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विबरणहरु उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विबरणहरु समेत पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।**

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको १२.६३१६ प्रतिशत नगद लाभांश कर प्रयोजनको लागि पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस बैंकको सञ्चालक समितिको मिति २०७५/०४/२१ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७४/७५ सम्मको सञ्चित नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई १२.६३१६ प्रतिशत अर्थात रु.८,६४,४९,७४३ नगद लाभांश वितरण गर्नको लागि स्वीकृति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।**

४) कम्पनीको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लघु वित्त वित्तीय संस्था लिमिटेडको लेखापरीक्षण समितिले लेखापरीक्षक श्री पिवाइसी एण्ड एसोसिएट्स, श्री विआरएस न्यौपाने एण्ड कम्पनी र जीपी राजवाहाक एण्ड कम्पनीको नाम साधारण सभा समक्ष आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण गर्न लेखापरीक्षकको रुपमा नियुक्ति गर्न छलफलका लागि सिफारिस गरेकोमा साधारण सभाले लेखापरीक्षक श्री पिवाइसी एण्ड एसोसिएट्सलाई मुल्य अभिवृद्धि कर सहित रु.३,३९,०००।-(अक्षरेपि तीन लाख उनन्चालीस हजार मात्र) दिने गरी अन्तिम लेखापरीक्षण गरी नेपाल वित्तीय विबरण प्रतिवेदनमान तथा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, लङ्फर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण र संक्षिप्त बार्षिक आर्थिक विवरणको प्रमाणीकरण लगायत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।**

५) संस्थापक शेयरधनी (समुह 'क') को तर्फवाट ३ जना संचालकहरुको निर्वाचन गर्ने ।

**प्रस्ताव नं. ५ को संस्थापक शेयरधनीहरुको समूहबाट ३ जना सञ्चालकहरुको निर्वाचन सञ्चालन गर्न "फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि. काठ्माण्डौको निर्वाचन निर्देशिका, २०६९" बमोजिम मिति २०७५ असोज ०४ गते विहिवारका दिन बसेको सञ्चालक समितिको बैठकबाट नियुक्त**

हुनुभएका निर्वाचन अधिकृत अधिवक्ता श्री रामचन्द्र सुवेदीलाई निर्वाचित सञ्चालकहरुको घोषणा गर्न अध्यक्षज्यूले समय प्रदान गर्नुभयो । निर्वाचन अधिकृत श्री रामचन्द्र सुवेदीज्यूले निर्वाचन अधिकृतको कार्यालयको कार्यक्रम अनुसार ३ जना सञ्चालका लागि ३ जना मात्र उम्मेदवारहरुको मनोनयन पत्र दर्ता भएकोले उम्मेदवारहरु ग्लोबल आईएमई बैंक ली. का प्रतिनिधि श्री सुरेन्द्रराज रेग्मीज्यू, देव: विकास बैंकका प्रतिनिधि श्री विवेक मान सिहं शाक्यज्यू र श्री उमेश कटुवालज्यूलाई संस्थापक शेयरधनी समुहबाट ४ वर्ष अवधिको लागि निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

ख) विशेष प्रस्ताव तर्फ

६) लघु वित्त वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली दफा २ को कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाको वडा नं परिवर्तन सम्बन्धी प्रस्ताव पास गर्ने तथा तत् सम्बन्धी प्रबन्धपत्र तथा नियमावली संशोधनमा नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्टार्ड कार्यालयबाट हुने फेरबदलको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्वन्धमा छलफल हुँदा लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली दफा २ को कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाको वडा नं परिवर्तन सम्वन्धी निम्नानुसार संशोधन गर्ने निर्णय गरियो । साथै, प्रबन्धपत्र तथा नियमावलीको उक्त दफा संशोधनमा नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्टार्ड कार्यालयबाट हुने फेरबदलको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो :

प्रबन्धपत्रको दफा २ को लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना संशोधन :
यस लघु वित्त वित्तीय संथाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौ जिल्ला का.म.न.पा. वडा नं.३० मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ ।

नियमावलीको दफा २ को लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड(केन्द्रीय) कार्यालय रहने ठेगाना संशोधन :
यस लघु वित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौ जिल्ला का.म.न.पा. वडा नं.३० मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ ।

७) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रधानमन्त्री राहत कोषमा प्रदान गरिएको आर्थिक सहयोगको अनुमोदन गर्ने ।

प्रस्ताव नं. ७ को विशेष प्रस्तावको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रधानमन्त्री राहत कोषमा प्रदान गरिएको आर्थिक सहयोगको अनुमोदन गर्ने सम्बन्धमा छलफल हुँदा २०७४ साल श्रावण महिनाको अन्त्यतिर नेपालको तराई क्षेत्रमा आएको भीषण वर्षा र बाढीबाट प्रभावित परिवार र व्यक्तिहरुलाई राहतस्वरुप संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रु.१,११,१११।– प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरिएको रकमको अनुमोदन गर्ने निर्णय गरियो ।

ग) <u>विविध तर्फ</u>

८) स्वतन्त्र संचालकको नियुक्तिको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ९ को विविध प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको संचालक समितिको मिति २०७५।०६।०४ गते बसेको १४२ औं बैठकको निर्णयबाट का.म .न.पा २९,कालिकास्थान का श्री रीता दीक्षित (अर्याल) लाई यस लघु वित्त वित्तीय संस्थाको स्वतन्त्र संचालकमा नियुक्त गरेको विषय यस वार्षिक साधारण सभाले जानकारीमा लियो ।

११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । साथै, अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

दानराज पन्त
कम्पनी सचिव

First Microfinance

सुरेन्द्रराज रेग्मी
अध्यक्ष